**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०५ जनवरी २०२६**
**समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)**

**<u>मुख्य समाचार</u>**

- निर्वाचन आयोगले पश्चिम बंगालमा भएको एसआइआर को क्रममा सीमान्तकृत समुदायलाई मतदानको अधिकारबाट वञ्चित नगरियोस् भन्ने सुनिश्चित गर्न ठूलो कदम चालेको छ।

- गंगासागरमा कनेक्टिविटीलाई प्राप्त हुनेछ नया आयाम, 1700 करोड़को लागतमा बन्ने कंक्रीट पुलको मुख्यमन्त्रीद्वारा गरिनेछ शिलान्यास |

- भाजपा नेता निशीथ प्रमाणिकको मिनी बंगलादेश टिप्पणीपछि तृणमूल कांग्रेसले गरे उनको विरुद्ध पक्राउको मांग।

- असममा 5.1 तीव्रताको भूकंप सहित पूर्वोत्तर भारतका कयौ राज्यहरुमा आज भूकंपको झटका महसूस गरिएको छ।

- दार्जिलिंग, कलिम्पोंग, अलीपुरद्वार र जलपाईगुड़ी जिल्लामा बर्षा हुने आशंका गरिएको छ भने दार्जिलिंगको उच्च पहाड़ी क्षेत्रहरुमा हिमपात हुने संभावना व्यक्त गरिएको छ।

**<u>बंगालमा एसआईआर अन्तर्गत 160 विशेष सुनवाई केंद्र खोलिने</u>**

निर्वाचन आयोगले पश्चिम बंगालमा भएको विशेष गहन पुनरिक्षण (एसआइआर) को क्रममा सीमान्तकृत समुदायलाई मतदानको अधिकारबाट वञ्चित नगरियोस् भन्ने सुनिश्चित गर्न ठूलो कदम चालेको छ। आयोगले राज्यका छानिएका जिल्लाहरूमा १६० विशेष विकेन्द्रीकृत सुनवाई केन्द्रहरू स्थापना गर्ने निर्णय गरेको छ।
मुख्य निर्वाचन अधिकारीको कार्यालयसँग सम्बन्धित अधिकारीहरूका अनुसार दार्जिलिङ, कालिम्पोङ, अलीपुरद्वार, जलपाईगुडी, झारग्राम, पुरुलिया, पश्चिम मेदिनीपुर, बाँकुरा, नादिया, पश्चिम बर्दवान, हावडा र उत्तर २४ परगना जिल्लामा १६० केन्द्रहरू खोलिनेछन्। आवश्यक परेमा दक्षिण २४ परगनाको तटीय क्षेत्रमा पनि यस्ता केही केन्द्रहरू स्थापना गर्न सकिन्छ।
स्रोतका अनुसार यी जिल्लाका जिल्ला मजिस्ट्रेटहरू, जो जिल्ला निर्वाचन अधिकारी पनि हुन्, उनीहरूले मुख्य निर्वाचन अधिकारीमार्फत निर्वाचन आयोगलाई आफ्नो क्षेत्रमा त्यस्ता विशेष केन्द्र खोल्न प्रस्ताव पठाएका थिए। मागको वैधानिकतालाई मध्यनजर गर्दै आयोगले उक्त प्रस्तावलाई स्वीकृत गरेको हो।
मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार निर्वाचन आयोग स्थापनाकालदेखि नै प्रक्रियागत जटिलताका कारण सीमान्तकृत समुदायका व्यक्तिलाई मतदाता नामावलीबाट बाहिर नराख्न संवेदनशील रहँदै आएको छ। यही कारणले गर्दा उनीहरुलाई समय–समयमा विशेष छुट दिइएको छ। १६० वटा सुनुवाई केन्द्र खोल्ने निर्णयलाई यस दिशामा पछिल्लो कदमका रूपमा हेरिएको छ।
ये केंद्र अस्थायी सुनवाई शिविर के रूप में दूरदराज के इलाकों में एक या कुछ दिनों के लिए लगाए जाएंगे। इन शिविरों में निर्वाचन अधिकारी खुद मौके पर पहुंचकर लोगों की सुनवाई करेंगे, ताकि उन्हें मुख्यालय तक आने में परेशानी न हो।

**<u>गंगासागर कंक्रीट पुलको शिलान्यास मुख्यमंत्री</u>**

राज्य सरकारले गंगासागरको कनेक्टिभिटी प्रणालीमा ऐतिहासिक परिवर्तनको दिशामा ठूलो कदम चाल्न लागेको छ।लगभग १७०० करोड भारुको लागतमा बन्ने प्रस्तावित पक्की पुलको शिलान्यास मुख्यमन्त्री ममता बनर्जी आफैंले गर्नेछिन्। मुख्यमन्त्री आज सोमबार सागरद्वीपको दुई दिने भ्रमणमा छन्, जहाँ सरकारी कार्यक्रमको मञ्चबाट बहुप्रतिक्षित पुलको शिलान्यास गरिनेछ।
प्रशासनिक स्रोतका अनुसार पुल निर्माण भएपछि काँकद्वीपको लाँट–८ देखि कछुबेरिया जानका लागि यात्रुले डुंगा वा पानीजहाजको भरमा पर्नु पर्ने छैन। यसले मुरीगंगा नदी पार गर्ने जटिलतालाई हटाउनेछ र गंगासागरलाई मुख्य भूमिसँग स्थायी र निर्बाध सम्पर्क

प्रदान गर्नेछ।यो पुल बनेपछि गंगासागर पर्यटनमा नयाँ विस्तार हुने प्रशासनका अधिकारीको विश्वास रहेको छ । भारत तथा विदेशबाट आउने पर्यटकको आवाजाहीमा सहज हुनेछ, जसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनुका साथै रोजगारीका नयाँ अवसरहरू पनि सिर्जना गर्नेछ ।भ्रमणका क्रममा मुख्यमन्त्रीले गंगासागर मेलाको तयारीको पनि जानकारी लिने कार्यक्रम रहेको छ ।उहाँले मेलाको पूर्वाधार, सुरक्षा व्यवस्था, स्वास्थ्य सेवा, खानेपानी, यातायातको व्यवस्थालगायतका विषयमा प्रशासनिक अधिकारीसँग समीक्षा बैठक गर्नेछिन् । यसबाहेक मुख्यमन्त्रीले सोमबार साँझ कपिलमुनि आश्रममा पनि पूजा गर्ने सम्भावना छ। यसैबीच प्रदेश सरकारले सन् २०२६ मा हुने गंगासागर मेलालाई 'नमूना हरित मेला'का रुपमा देशका अगाडि प्रस्तुत गर्ने तयारी थालेको छ । यस कार्यक्रमअन्तर्गत मेला प्लाष्टिक मुक्त बनाउने, वातावरण मैत्री सामग्रीको प्रयोग गर्ने, आधुनिक फोहोरमैला व्यवस्थापन प्रणाली लागू गर्नेमा विशेष जोड दिइँदैछ ।
प्रशासनका अनुसार यस पहलको उद्देश्य स्वच्छ र प्रदूषणमुक्त वातावरण कायम राख्दै गंगासागर मेलालाई नमूना धार्मिक का
उल्लेखनीय छ कि 12 देखि 15 जनवरीको बीच गंगासागरमा श्रद्धालुहरुले पवित्र स्नान गर्नेछन ।

**‘मिनीबांग्लादेश’**

पूर्व केन्द्रीय मन्त्री तथा भाजपा नेता निशीथ प्रमाणिक बिहारको अल्पसंख्यक बहुल सुकाटाबारी गाउँमा उनको टिप्पणीपछि विवादमा घेरिएका छन्। तृणमूल कांग्रेसले उनको विरुद्ध कोतवाली पुलिस स्टेशनमा उजुरी दर्ता गरेको छ र उनलाई जतिसक्दो चाँडो पक्राउ गर्न माग गरेको छ।प्राप्त जानकारीका अनुसार २ जनवरीमा बिहारको पुरानो पोष्ट अफिस पाड़ा एरियामा आयोजित भाजपाको जनसभामा अभिनेता र भाजपाका स्टार प्रचारक मिथुन चक्रवर्तीसँगै निसिथ प्रमाणिक पनि मञ्चमा उपस्थित रहेका थिए । आफ्नो सम्बोधनका क्रममा उनले अल्पसङ्ख्यक बाहुल्य रहेको सुकटाबारी गाउँलाई 'मिनी बंगलादेश' को संज्ञा दिएका थिए ।
यति मात्र होइन, निसिथ प्रमाणिकले बिहारका जनतालाई आगामी विधानसभा चुनावमा भाजपालाई भोट हाल्न अपिल गर्दै दाबी गरे कि यदि यस पटक भाजपालाई भोट दिएन भने सुकताबारी गाउँका मानिसहरूले भविष्यमा अशान्ति सिर्जना गर्नेछन्। उनको यो बयानपछि क्षेत्रमा तनाव उत्पन्न हुने सम्भावना बढेको छ ।यस्ता टिप्पणीले आफूहरू त्रसित र असुरक्षित भएको सुकटाबारीका स्थानीयवासी बताएका छन् । जसका कारण गाउँका जनता आक्रोशित छन् र तृणमूल कांग्रेसले उनीहरूको समर्थनमा कोतवाली पुलिस स्टेशनमा उजुरी दर्ता गराएको छ ।हिज आइतबार कोतवाली पुलिस स्टेशनका एक अधिकारीले यसको पुष्टि गरेका छन् ।उल्लेखनीय छ यसअघि १८ डिसेम्बरमा कोलकाता महानगरपालिकाको बैठकमा भाजपा पार्षद सजल घोषले गरेको 'मिनी पाकिस्तान' टिप्पणीलाई लिएर ठूलो विवाद भएको थियो । त्यससमय मेयर फिरहाद हाकिमसँग उनको चर्को भनाभन भएको थियो । तर पछि फिरहाद हाकिमले त्यस्तो कुनै बयान अस्वीकार गरेका थिए र यदि आरोप प्रमाणित भए आफूले राजनीति छोड्ने बताएका थिए।

**असममा 5.1 तीव्रताको भूकंप,**

पूर्वोत्तर भारतका कयौ राज्यहरुमा आज भूकंपको झटका महसूस गरिएको छ । बिहान 04.बजेर 17.मिनट 40 सेकेण्ड बजे आएको यस भूकंपको तीव्रता रिक्टर स्केलमा 5.1 मापण गरिएको छ। असम समेत छिमेकी राज्यहरु मेघालय, नागालैंड, अरुणाचल प्रदेश, मणिपुर, मिजोरमको साथै भारतको छिमेकी देश बांग्लादेश, नेपाल, म्यांमार, भूटान र चीनमा यस इस मध्यम तीव्रताको भूकंपको असर महसुस गरिएको छ । यद्धपि भूकंपबाट कुनै क्षति भएको खबर छैन ।

**मनसुख मण्डाविया- सिलगढी**

केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले हिज सिलगढीमा दार्जिलिङ चिया उद्योग र सिन्कोना बगानका सरोकारवालाहरूसँगको एक महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा दार्जिलिङका सांसद राजु विष्ट र अलिपुरद्वारका सांसद मनोज टिग्गा लगायत स्थानीय नेताहरू उपस्थित रहेका थिए। बैठकमा चिया उद्योग र सिन्कोना बगानलाई पुनर्जीवित र सुदृढ पार्न र कामदारहरूको अधिकारको रक्षा गर्न द्रुत र प्रभावकारी कदम चाल्ने आवश्यकतामाथि विशेष छलफल गरिएको थियो। बैठकमा

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले लागू गरेको चार नयाँ श्रम संहिता दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका चिया र सिन्कोना कामदारहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य रहेको वताइएको छ।

## भागोप्रमोको नेतृत्व तथा समर्थकहरूले आईजीजेएफमा जनाए समर्थन।

हिज चुङथुङ मेरीबुङ समष्टिको सार्वजनिक भवनमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको सभा सम्पन्न भएको छ।आयोजित सभामा पार्टीको केन्द्रीय संयोजक अजय एडवर्डस स्वयं उपस्थित रहेका थिए।त्यसरी नै केन्द्रीय कार्यकारिणी सदस्य एन0वी0 खवास,गोपाल परियार,पुकार गहतराज,प्रतीम सुब्बा आदि उपस्थित रहेका थिए।सभामा चुङथुङ मेरीबुङको दुईवटा गाउँका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको समर्थकहरूले आईजीजेएफ समष्टि अध्यक्ष महेन्द्र राई र सचिव अजय प्रधानको नेतृत्वहरूमा समर्थन जनाए।पार्टी केन्द्रीय संयोजक अजय एडवर्डसले समर्थकहरूलाई खदा लगाउदै पार्टीमा स्वागत जनाए।स्मरण रहोस दार्जीलिङ पहाड तराई डुवर्स आदि क्षेत्रहरूमा आईजीजेएफलाई समर्थन जनाउनेहरूको ओइरो लागेको छ।आईजीजेएफमा समर्थन जनाउने समर्थकहरूले अब पहाडमा आस्था र भरोसा गर्न सक्ने नेता भनेको नै अजय एडवर्डस रहेको बताएका छन।आईजीजेएफले आफ्नो गठनकालदेखि नै माटो पनि नछोडने,बाटो पनि नछोडने नाराहरू दिँदै आएको छ।आईजीजेएफ तथा अजय एडवर्डस सत्तामा छैन तरैपनि आफ्नो बलबुतामा ब्रीज,सडक,समाज घर, पिउने पानीको व्यवस्था,बिमारीहरूको उपचार,गरीबी विधार्थीहरूलाई शिक्षा दिलाउने आदि जस्ता निस्वार्थ भावले कार्यहरू गर्दै आएका छन्।आफ्नो गोजीको पैसाले जनताको सेवा गर्न सक्ने नेतालाई सत्तामा ल्यायौ भने पहाड तराई डुवर्सको अवश्यै विकास गर्नेछ साथै पहाड तराई डुवर्स तथा गोर्खाहरूको दीर्धकालिन मांगलाई अवश्यै पार लगाउन सक्छ भन्ने जनताहरूको भनाई छ।

## युवकको संदिग्धावस्थामा मृत्यु

बागडोगराको गोसाइँपुर नयाँ पाडा क्षेत्रमा हिज आइतबार एक सरकारी वेलनेस सेन्टरको पछाडि एक युवकको रहस्यमय मृत्यु भएको घटनाले सम्पूर्ण क्षेत्रमा सनत्रास छाएको छ । मृत्यु भएका युवकको नाम अभि गुहा 'गोडा' रहेको छ। बागडोगरा पुटिमारी क्षेत्रमा उनी डेराको घरमा बस्दै आएको बताइएको छ ।स्थानीय स्रोतका अनुसार शनिबार राति केही युवाले वेलनेस सेन्टरको पछाडि मदिरा जमघट गरिरहेका थिए। त्यही समयमा ती युवकको मृत्यु भएको आशंका गरिएको छ। हिज आइतबार स्थानीयले ती युवकलाई वेलनेस सेन्टरको पछाडि मृत अवस्थामा फेला पारेका थिए । घटनाको जानकारी पाएपछि बागडोगरा पुलिस स्टेशन पुलिसले घटनास्थलमा पुगेर शव बरामद गरी पोस्टमार्टमका लागि नर्थ बंगाल मेडिकल कलेज तथा अस्पताल पठाइएको थियो ।पुलिसले घटनास्थलबाट पानीको बोतल, रक्सीको गिलास, टोपी लगायतका सामान बरामद गरेको छ। युवकको मृत्युको कारण भने खुल्न सकेको छैन। पुलिसले घटनाबारे अनुसन्धान सुरु गरेको छ।

## मौसम

चिसो हावाले कोलकाता र सम्पूर्ण दक्षिण बंगालमा चिसो बडेको छ। उत्तर बङ्गालमा पनि कडा चिसो भइरहेको छ। दक्षिण बङ्गाल कडा चिसोले थरथर कामिरहेको छ भने उत्तर बङ्गालमा अझ बढी चिसो छ। कोलकातामा आज सोमबार फेरि तापक्रम घटेको छ। महानगरको न्यूनतम तापक्रम सामान्यभन्दा १.७ डिग्री कम १२.५ डिग्री सेल्सियस रहेको छ ।अलीपुर मौसम विभाग अनुसार,यस सप्ताह को बीचमा तापमानमा अझ गिरावट आउने संभावना व्यक्त गरिएको छ। बुधवार र शुक्रवार बीच तापमान दुई देखि तीन डिग्री सेल्सियससम्म घट्न सक्ने संभावना रहेको छ ।उत्तर बंगालमा दार्जिलिंग समेत चार जिल्लाहरूमा बर्षाको संभावना व्यक्त गरिएको छ। दार्जिलिंग, कलिम्पोंग, अलीपुरद्वार र जलपाईगुड़ी जिल्लामा बर्षा हुने आशंका गरिएको छ भने दार्जिलिंगको उच्च पहाड़ी क्षेत्रहरुमा हिमपात हुने संभावना व्यक्त गरिएको छ। दार्जिलिंग जिल्ला र छेउ छाउको पहाड़ी क्षेत्रहरुमा न्यूनतम तापमान 2 देखि 5 डिग्री सेल्सियसको बीच रहनेछ।

****** ० ******